मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

सूचना

हाम्रो चाहना
लागूऔषधरहीत,
स्वस्थ र सुखी
जीवनको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

◆ वर्ष : २५ ◆ अङ्क : ९१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ फागुन ४ गते आइतवार (Sunday, February 16. 2020) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

## सयौं गाडीमा इस्लामिक आएपछि सुरक्षा कडाइ

**लक्ष्मी उप्रेती**



**काँकरभिट्टा, फागुन ३।** शनिबारबाट पैदलमार्ग भएर पूर्वी नाका हुँदै नेपाल प्रवेश गर्नेहरुमाथि स्थानीय प्रशासनले निगरानी बढाउनुका साथै चेकजाँचमा समेत कडाइ गरेको छ ।

शनिबारबाट सप्तरीको बोदेवरसाइन नगरपालिका-५ जाजरमा शुरु भएको मुस्लिम समुदायको धार्मिक इस्लामिक सम्मेलन 'इज्तिमा' मा सहभागी हुन भारतका विभिन्न ठाउँबाट ठूलो संख्यामा मुस्लिम समुदाय नेपाल आउन थालेपछि तेस्रो मुलुकबाट मुस्लिम समुदायका प्रतिनिधि प्रवेश हुने आशंकामा स्थानीय प्रशासनले सुरक्षा व्यवस्था कडा पार्नुको साथै चेकजाँचमा कडाइ गरेको हो ।

तीन दिने सम्मेलनमा शुरुमा नेपाल र भारतका मुस्लिम मात्र सहभागी हुने भनेर अनुमति लिइएकोमा तेस्रो मुलुकका पनि सहभागी हुन आएपछि वा अन्य मुलुकका सहभागी आउन थालेपछि गृहमन्त्रालयले विहीबार सम्मेलन रोक्न निर्देशन दिएको थियो । तेस्रो मुलुकका प्रतिनिधिलाई सहभागी नगराउने आयोजकले जनाएपछि धार्मिक इस्लामिक सम्मेलन 'इज्तिमा' ले अनुमति पाएको हो ।

धार्मिक सम्मेलनमा सहभागी हुन भारतको आसाम, कुचविहार लगायतका स्थानबाट आसामी र भारतीय नम्बर प्लेटका सवारी साधन प्रयोग गरी दैनिक हजारौं मुस्लिम समुदाय धमाधम नेपाल छिरिरहेका छन् । जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठका अनुसार शुक्रवार केही समयसम्म उनीहरुलाई नेपाल प्रवेशमा रोक लगाइएको भए पनि तेस्रो मुलुकबाहेक भारतका विभिन्न

*(बाँकी अन्तिम पृष्ठमा)*

# नामकरणमा 'असफल'

**झापा, फागुन ३।** मुलुक संघीयतामा प्रवेश गरेसँगै प्रदेश सरकार गठन भएको शनिबार दुई वर्ष पूरा भएको छ । त्यस यता विकासको गतिले तीब्रता लिने अपेक्षा गरेका जनताले भने सोचे जस्तो उपलब्धि हासिल नभएको टिप्पणी गरेका छन् ।

१ नम्बर प्रदेश सरकार गठन भएको दुई वर्ष पूरा भएपनि हालसम्म नामकरण गर्न नसक्नु प्रदेश सरकारको असफलतासँग जोडिएको छ । २०७४ फागुन ३ गते गठन भएको प्रदेश १को शेरधन राई नेतृत्वको प्रदेश सरकारले दुई वर्ष अर्थात् ७३० दिन पूरा गरेको छ । विकासलाई अघि बढाउन प्रदेश सरकारले प्रदेश योजना आयोग र प्रदेश लगानी बोर्ड गठन गरिएको जनाएको छ । यसबीचमा प्रदेश लोकसेवा आयोग समेत गठन भइसकेको छ । यसबाट प्रदेशभित्रका कर्मचारी पदपूर्तिको बाटो खुल्ला भई प्रशासनिक संघीयतालाई बलियो बनाउन मद्दत पुग्ने व्यवस्था गरेको छ ।

प्रदेश सरकारले आयोगहरु गठन गर्दै विकासका कामलाई अगाडि बढाए पनि हालसम्म नामकरणको विषयमा देखिएको अन्यौललाई भने सरकारको मुख्य कमजोरीसँग जोडिएको छ । प्रदेश सरकारले प्रादेशिक सडक सञ्जालको १० वर्षे गुरुयोजना बनाई सार्वजनिक गरिसकेको छ । साना सिञ्चाई, शहरी विकास, पर्यटन विकास लगायतको १० वर्षे गुरुयोजनाले अन्तिम रुप लिन लागेको छ । प्रादेशिक निर्वाचन क्षेत्रमा सडकहरु निर्माण भइरहेका छन् । तर, कामले भने सोचे जस्तो गति लिन नसकेको विश्लेषण गरिएको छ ।

त्यस्तै पूर्वाधारतर्फ २७ किलोमिटर सडक कालोपत्रे, १२९ किलोमिटर सडक ग्राभेल, १० वटा मोटरेवल पुल र १५ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् । प्रत्येक प्रादेशिक निर्वाचन क्षेत्रमा १-१ वटा गरी जम्मा ६२ वटा बहुवर्षीय सडक, ८७ वटा मुख्यमन्त्री ग्रामीण सडक, १२६ वटा मोटरेवल पुल र ११४ वटा झोलुङ्गे पुल धमाधम निर्माण हुँदै गरेको मुख्यमन्त्री राईले आफ्नो वक्तव्यमा उल्लेख गरेका छन् ।

प्रदेशका खेतीयोग्य जमिनहरुमा सिञ्चाइ पुऱ्याउन १२९ वटा योजनाहरु सम्पन्न भएका छन् भने ६३१ वटा योजनाहरु निर्माणाधीन छन् । खानेपानीका आयोजनाहरु ११० वटा सम्पन्न भएका छन् भने ९४९ वटा आयोजनाहरु बनिरहेका छन् । प्रदेशका विपन्न तथा पिछडिएका जनताका लागि जनता आवास कार्यक्रम अन्तर्गत १७१ वटा घर निर्माण सम्पन्न भएका छन् ।

त्यसैगरी मनमोहन प्राविधिक विश्वविद्यालयको स्थापना, जनतासँग प्रहरी कार्यक्रम अन्तर्गत १० लाख भन्दा बढी घरधुरी संख्यामा स्टीकर टाँस अभियान, परियोजना बैंकको स्थापना भएको छ । सगरमाथा टिन्स क्लब अभियानमा तीब्रता, डिजिटल साक्षरता कार्यक्रम र अनलाइन शिक्षाको शुरुवात, समृद्धिका लागि एकीकृत जैविक स्रोत नामक २५० जना स्वदेशी तथा विदेशी बैज्ञानिकहरुको सहभागितामा बैज्ञानिक सम्मेलन सम्पन्न भएका छन् । यही बीचमा मिल्क होलिडेको अन्त्य गरिएको समेत दावी गरिएको छ ।

इलामको सूर्योदय नगरपालिकामा एक टी टेस्टिंग एण्ड प्रोमोशन सेन्टर निर्माण कार्य समेत अगाडि बढेको जनाइएको छ । कोशी रिफ्रेसमेन्ट सेन्टरको डीपीआर तयार भइ निर्माणको प्रक्रिया अगाडि बढेको छ । मुख्यमन्त्री युवा उद्यमशील कार्यक्रम कार्यान्वयनको तयारीमा रहेको समेत जानकारी गराइएको छ । संघीयता कार्यान्वयनको महत्वपूर्ण कडीको रुपमा पहिलोपटक एक अर्ब रुपैयाँ बराबरको वैदेशिक अनुदान सहयोग लिएको मुख्यमन्त्री राई जनाएका छन् ।

## रवि लामिछानेलाई बिर्तामोडमा सम्मान गरिँदै




**बिर्तामोड, फागुन ३।** भ्रष्टाचारविरुद्ध सामाजिक अभियन्ता तथा न्यूज २४ टेलिभिजनको सिधा कुरा जनतासँगका कार्यक्रम प्रस्तोता रवि लामिछाने आज आइतवार झापा आउने भएका छन् ।

लामिछानेलाई झापामा बिर्तामोड उद्योग वाणिज्य संघको नेतृत्वमा दर्जनभन्दा बढी संघ-संस्थाले स्वागत सम्मान गर्ने कार्यक्रम तय भएको उद्योग वाणिज्य संघ प्रदेश नम्वर १का सदस्य बलराम कार्कीले जानकारी दिए । लामिछानेलाई बिर्तामोडस्थित अतिथि सदनमा स्वागत सम्मान गरिने भएको छ ।

उनी चलचित्र 'माइकल अधिकारी'को झापामा छायाङ्कन समापन भएसँगै आयोजित कार्यक्रममा अतिथिको रुपमा झापा आउन लागेका हुन् । माइकल अधिकारीको झापा र इलामका पर्यटकीय स्थलमा छायाङ्कन गरिएको छ । पर्यटन प्रर्वद्धनमा सहयोग पुऱ्याउँदै पूर्वका पर्यटकीय क्षेत्रमा चलचित्रको छायाङ्कन गरिएसँगै औपचारिक समापन समारोहका लागि उनी झापा आउन लागेको न्यूज २४का झापा समाचारदाता राजु पौडेलले जानकारी दिए ।

# त्रासदी हटाउँदै सशस्त्र

**बिर्तामोड, फागुन ३।** बाह्रदशी गाउँपालिका-१ भागुडुब्बा निवासी भद्रसिंह राजवंशीलाई हातहतियारसहित भारतबाट आएका डाका समूहले हत्या गर्दै घरमा भएको सबै जायजेथा डकैती गरी लगे ।

कचनकबल गाउँपालिका-१ कुटी बजारमा सुन पसल गर्दै आएका सुनारेको पनि भारतीय डाका समूहले घरमै आगो लगाएर चार जनाको परिवारकै हत्या गरे । त्यस्तै कचनकवल गाउँपालिका निवासी भूमि राजवंशीको घरमा हातहतियारसहित डैकैतीका लागि आएका तीन जना डाका भने गाउँलेको प्रतिकारमा मारिए ।

दक्षिणी झापाको सीमावर्ती क्षेत्रमा २०५९ सालदेखि २०६२ सालसम्म घटेका यी प्रतिनिधि घटना मात्रै हुन् । यस्ता अनेकौं घटनामा भारतीय डाका समूहको आक्रमणमा परी धेरै नेपालीले अकालमा ज्यान गुमाएका छन् भने दिनदहाडै गरगहनासहित लाखौं रुपैयाँ लुटपाट गर्दा एकदशक अघिसम्म सीमावर्ती क्षेत्रका नागरिकले त्रासदीपूर्ण वातावरणमा जीवन निर्वाह गर्नुपर्ने बाध्यता थियो ।

२०६२/०६३ को जनआन्दोलनपछि मुलुकमा शान्तिस्थापना भएसँगै सीमा क्षेत्रका नागरिकले पनि शान्तिको महशुस गरेका छन् । अझ मुलुक संघीयतामा गएपछि स्थानीय तहको सरकार गठन भएसंगै सीमा क्षेत्रका नागरिकहरुले आफूहरु पूर्ण रुपमा सुरक्षित भएको महशुस गरेका छन् ।

बाह्रदशी गाउँपालिका-१का वडाध्यक्ष शम्भुसिंह राजवंशीको पहलमा अहिले आफ्नै वडामा सशस्त्र प्रहरी वलको वेस क्याम्प स्थापना गरिएको छ । जहाँ सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा १ प्लाटुन सशस्त्र प्रहरी तैनाथ छन् । योसंगै त्यस क्षेत्रका स्थानीयले आफूहरु सुरक्षित महशुस गरेका छन् ।



भारतीय डाका समूहको आक्रमणमा परी आफ्ना श्रीमान भद्रसिंह राजवंशीले ज्यान गुमाएपछि सशस्त्र प्रहरीको वेस क्याम्प स्थापनाका लागि सुशीला राजवंशीले निःशुल्क ५ कठ्ठा जमिन प्रदान गरेकी थिइन् । योसँगै घेरावारीमा सशस्त्र प्रहरी वल नेपालको बीओपी स्थापना भएको छ ।

राजवंशीले नै बाटो निर्माणका लागि अरु तीन कठ्ठा जमिन प्रदान गरेपछि वडा कार्यालयको अगुवाइमा १० कठ्ठा जमिनको व्यवस्थापन गर्दै भागुडुब्बामा सशस्त्र प्रहरीको वीओपी स्थापना गरिएको बाह्रदशी-१ का वडाध्यक्ष शम्भुसिंह राजवंशीले बताए । उनले भने- सशस्त्र प्रहरी बलको वेश क्याम्प स्थापनासँगै वाह्रदशी र आसपासका क्षेत्रका नागरिकले शान्ति सुरक्षाको प्रत्याभूति गरेका छन् ।

गाउँमै सशस्त्र प्रहरीको वेस क्याम्प स्थापना भएपछि आफूहरुको जीवनयापनमा समेत सहज भएको र समाजमा शान्ति स्थापना भएको बाह्रदशी-१का स्थानीयवासी खड्ग राजवंशीले बताए ।

यता स्थानीय सरकार गठन भएसंगै वाह्रदशी गाउँपालिकावासीले शान्ति सुरक्षा मात्र होइन हरेक कुरामा राहत पाएको स्थानीय दिलीप राजवंशी बताउँछन् । उनी भन्छन्- स्थानीय सरकार गठनसंगै शिक्षा, स्वास्थ्य र सुरक्षाको दृष्टिकोणले समेत बाह्रदशी-१ अगाडि छ ।

भारतीय डाका समूहको आक्रमणमा परी आफ्ना पतिले अकालमा ज्यान गुमाउनु परेको र भएको धन सम्पत्ति समेत डाकाले लुटेर लगेको बताउँदै

*(बाँकी अन्तिम पृष्ठमा)*

## विप्लवका सात जना पक्राउ

**संखुवासभा, फागुन ३।** माओवादी विप्लव समूहका सात जना कार्यकर्ता पक्राउ परेका छन् ।

चैनपुर नगरपालिका-३ पोखरीस्थित एनसेलको इन्भर्टरमा गत माघ १२ गते राति कुकर बम पड्काई आगजनी भएको घटनामा संलग्न रहेको अभियोगमा दुई जनालाई बिहीबार प्रहरीले पक्राउ गरेको थियो ।

पक्राउ पर्नेहरुमा चैनपुर नगरपालिका-४ बस्ने ४१ वर्षीय अजित राई र सोही ठाउँ बस्ने २० वर्षीय समिन राई रहेका छन् ।

यसैबीच चैनपुर नगरपालिका-१ गुफापोखरीस्थित दोभानेबाट सकेट बम १ थान, रेडबुल बम १ थान र बिभिन्न कागजातहरुसहित ५ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा चैनपुर नगरपालिका-४ बस्ने २७ वर्षीय सन्तोष तामाङ, अजय सेर्पा, सभापोखरी गाउँपालिका-३ बस्ने एलिना राई, भोजपुर षडानन्द नगरपालिका-१० बस्ने प्रभा तामाङ र ताप्लेजुङ तातोपानी गाउँपालिका-१ बस्ने निमनेम्बा सेर्पा रहेका छन् ।

## आवश्यकता

**यस भगवती आवास कम्पनी प्रा.लि.द्वारा सञ्चालित पाथीभरा सिने प्लाजामा कर्मचारी आवश्यक परेकोले इच्छुकले तु–सम्पर्क गर्नुहोला ।**

**पदः** वरिष्ठ मेनेजर– १ जना

**योग्यताः** B.B.S. वा B.A.पास, ३ बर्ष काम गरेको हुनुपर्नेछ ।

**सेवासुविधाः** मासिक २० हजारभन्दा माथि आपसी समझदारीमा

**अन्तरवार्ता मितिः** २०७६।११।१० गते शनिवार

सम्पर्कः **पाथीभरा सिने प्लाजा**, बिर्तामोड, झापा

फोन नं. ९८५२६७२८४९, ९८४२७५०५६६

# नवौं एजेन्टकी श्रीमती बनेर फर्किंदा ...

**रमेश भारती**

**झापा, फागुन ३।** वैदेशिक रोजगारीको खोजीमा रहेका धेरै महिला श्रमिक समस्या भोग्दै विभिन्न देशमा काम गर्न पुग्ने गरेका छन् ।

नेपालबाट सिधै जान नपाउँदा उनीहरू दोस्रो देश हुँदै रोजगारीको खोजीमा विदेशिन्छन् । दोस्रो देश हुँदै जाने महिलाहरू प्रायः म्यानपावर र एजेन्टको व्यक्तिगत सम्पर्कबाट गइरहेका छन् । यसरी एजेन्टको भरमा विदेशिने महिला श्रमिकले धेरै समस्या भोगेर मात्र स्वदेश फर्किने गरेका छन् ।

२ वर्षअघि रोजगारीका लागि लेवनान पुगेकी सिन्धुपाल्चोककी सरिना मगर (नाम परिवर्तन)ले पनि त्यहाँ धेरै कष्ट खेपेर स्वदेश फर्किएको बताइन् । 'धेरै सपना बोकेर वैदेशिक रोजगारीमा गएकी थिएँ तर अन्तिममा पीडा र कष्ट भोगेर नेपाल फर्किनुपऱ्यो'- सरिनाले भनिन्- 'एजेन्टको भरमा वैदेशिक रोजगारीमा जाँदा जीवन जोखिममा राख्नुपर्छ । हामीलाई थाह हुँदैन तर एजेन्टले रोजगारीको प्रलोभन देखाएर बेच्दा रहेछन् ।' उनले एजेन्टले दोहोरो मान्छेको व्यापार गरिरहेका बताइन् । उनका अनुसार रोजगारीमा पठाएवापत रोजगारदाता देशका कम्पनीसँग एजेन्टले दोहोरो पैसा लिन्छन् । एजेन्टले नेपाली चेलीबेटीको व्यापार नै गर्छन्'- उनले भनिन् । सरिना लेवनानमा २ वर्ष ५ महिना एउटा व्यापारीको घरमा काम गरेर फर्किएकी हुन् । उनलाई साहुले काम गरेवापत पैसा त दियो तर त्यहाँ भोगेको पीडा सम्झँदा अहिले पनि सहन गाह्रो हुने गरेको सरिना सुनाउँछिन् । 'पैसा सबै कुरा होइन । मैले कमाएको पैसाले मलाई नै अहिले पिरोल्छ । म त रोजगारीमा होइन, कसैको प्यास मेटाउन विदेशिएको जस्तो लाग्यो'- सरिना गुनासो गर्छिन्- '२३ वर्षकी भएँ । ९ जना पुरुषकी श्रीमती भएर विदेशबाट फर्किएकी छु । म काम गरेर होइन, शरीरिक शोषणमा परेर फर्किएकी छु ।'

**म त रोजगारीमा होइन, कसैको प्यास मेटाउन विदेशिएको जस्तो लाग्यो– सरिना गुनासो गर्छिन्– म २३ वर्षकी भएँ । ९ जना पुरुषकी श्रीमती भएर विदेशबाट फर्किएकी छु । म काम गरेर होइन, शारीरिक शोषणमा परेर फर्किएकी छु ।**

नेपालबाट लेवनानसम्म पुऱ्याउँदा उनलाई ९ जना पुरुषले श्रीमती मात्र भनेनन्- श्रीमतीकै जस्तो व्यवहार गर्न बाध्य बनाएको सरिनाले सुनाइन् ।

'रोजगारीका नाममा म जस्ता धेरै महिला लुटिएका छन् । यस्तो पीडा र क्षतिको गुनासो कसैले सुन्दैनन्'- उनको दुखेसो छ । उनले कक्षा ७ सम्म मात्र पढेकी छन् । उनी राम्रोसँग अंग्रेजी शब्द बुझ्दिनन् तर वैदेशिक रोजगारीमा गएर आइसकेकी छन् । बाटोमा कसैले अंग्रेजीमा केही सोध्यो भने टाउकाको इसाराले 'यस' भन्न एजेन्टले सिकाए जति मात्र बोलेको सरिनाले बताइन् । काम गर्न त सजिलो हुन्छ तर यौनशोषणले जीवन कठिनाइ हुने गरेको उनले बताइन् ।

'नेपालमा हुँदा एजेन्टले अति राम्रो व्यवहार गर्छन् तर सीमाना नाघेपछि छोरी मान्छेलाई जे गर्दा हुन्छ भनेर मनपरी व्यवहार गर्छन् । बाध्यताले उनीहरूको व्यवहार सहनुपर्छ । नत्र मारेर फालिदिन्छन् भने डर हुन्छ'- सरिनाले गुनासो गरिन्- 'बेरोजगारी र गरिबीको फाइदा हामी जस्ता सोझासाझा महिलासँग म्यानपावर अथवा एजेन्टले उठाइरहेका छन् । यस्तो काममा कतिपय सरकारी कर्मचारीको समेत संलग्नता हुन्छ ।' उनले यसरी लुटिएको विषयमा खुलेर विरोध गर्न नसक्ने बताइन् । यस्तो उस्तो भन्यो भने सामाजिक तिरस्कारको शिकार हुने उनको भनाइ छ । कोही कसैले पनि एजेन्ट र दोस्रो मान्छेको भरमा वैदेशिक रोजगारीमा नजान सरिना सुझाव दिन्छिन् ।

### यसरी फेरिए श्रीमान्

सिन्धुपाल्चोकबाट दिलीप तामाङले यूएईको रोजगारीमा राम्रो डिमाण्ड आएको छ भनेर काठमाडौं ल्याएपछि राहदानी र ३० हजार रुपैयाँ लिएको सरिना बताउँछिन् । दिलीपले काठमाडौंमा केही दिन राखेपछि दीपक झा नामका एजेन्टको जिम्मा लगाएको उनले बताइन् ।

लेवनान जानुअघि नै नेपालमै ३ जना एजेन्टको सर्म्पकमार्फत् भारतको बिहारसम्म पुऱ्याइएको उनले बताइन् । सरिना नेपालको वीरगञ्ज नाका हुँदै भारतको दिल्ली भएर लेवनान रोजगारीमा

*(बाँकी अन्तिम पृष्ठमा)*



# कोका-कोलाको नेपालमा ४ दशक

## निरन्तर एक उद्देश्य लिएर आफ्नो व्यवसाय बढाउँदै

**झापा, फागुन ३।** कोका-कोला विश्वको एक अग्रणी पेय पदार्थ कम्पनीले ४ दशक अगाडि आफ्नो पहिलो बोटलिंग प्लान्ट नेपालमा स्थापना गरेको थियो।

काठमाडौंस्थित बालाजु अद्योगिक क्षेत्रमा रहेका बोटलर्स नेपाल लिमिटेड, कम्पनीको पहिलो स्टेट-अफ-आर्ट कारखाना हो जुन देशभरका उपभोक्ताहरुलाई आइकनिक रेन्जको उच्च गुणस्तरीय, रिफ्रेसिंग पेय पदार्थका सेवा प्रदान गर्न १९७९मा शुरु गरिएको थियो। पछिल्लो ४० वर्षमा, कोका-कोलाले आफ्नो लोकप्रिय ब्राण्ड-कोका-कोला, जिरो कोक, स्प्राईट, फान्टा र किन्लेको नामबाट कार्बोनेटेड नन-अलकोहलिक पेय पदार्थ, फलफूलको जुस, पिउने पानी, उत्पादन, बिक्री, वितरण र आपूर्तिमार्फत नेपाली उपभोक्ताहरुलाई निरन्तर रिफ्रेस गरिरहेको छ।

कोका-कोलाले स्थानीय समूह, नागरिक समुदाय र सरकारी एजेन्सीहरुसँग सहकार्य गरेर ब्राण्डप्रतिको माया अभिवृद्धि गर्दै, एक उद्देश्यका साथ व्यवसाय सञ्चालन गर्न र नेपालका समुदाय र राष्ट्रसँगै निरन्तर अगाडि बढिरहन प्रतिबद्ध रहेको छ। यो संस्थाको कोर दीर्घस्थायित्व लक्ष्यहरु यूएन दीर्घस्थायित्व विकास लक्ष्य जस्तै पानी भण्डारन, प्याकेजिङ फोहोर रिकवरी, महिला सशक्तिकरण, युवा सशक्तिकरण र ऊर्जा उपयोग घटाउने रहेको छ र अझ राम्रो समुदाय र जीवनका लागि निरन्तर यी लक्ष्यहरु र दिगो पहलमा केन्द्रित रहनेछ।

कोका-कोला कम्पनीको 'वर्ल्ड विथआउट वेस्ट' दृष्टिकोण अन्तर्गत कोका-कोला नेपालले हिमालयन क्लाइमेट इनिसिएटिभ र जीआईजेडसँग पीईटी रिकलेक्सन सोसल इन्टरप्राइजका लागि काम गरिरहेको छ, जसले काठमाडौंमा जिम्मेवार पीईटी वेस्ट रिसाइकिलंगका लागि प्रत्सोहान गर्दछ। यसले चितवनमा कटिङ ऐज रिकवरी र रिसाइकिलंग हबमार्फत पीईटी बोटल रिसाइकिलंग गर्न क्रियसनसँग साझेदारी गरेको छ। डब्लूडब्लूएफ नेपाल, वाटर एड, नेपाल र स्मार्टपानी जस्ता संस्थाहरुसँग कम्पनीको बहु-साझेदारीले नेपालको जलस्रोत र समुदायको जीविकालाई सुरक्षित राख्नुका साथै पानीको दिगो उपयोग, आजीविकाको वृद्धि र फ्रेस जलस्रोत संरक्षण सुनिश्चित गर्न मद्दत गरिरहेको छ।

यस उपलब्धीका बारेमा कोका-कोला नेपालका कन्ट्री डाइरेक्टर अम्बुज सिंहले भने- हामी गर्व गर्दछौं कि नेपालमा विगत चार दशकमा हामीले नेपाली उपभोक्ताहरुको मागलाई बुझेर सफलता प्राप्त गरिरहेका छौं। हाम्रो कार्यहरु र हामीले जे गर्छौं सबैमा हामीले नेपाली समुदायको विकास र समृद्धिलाई दिमागमा राख्छौं र त्यसपछि समुदायको हितका लागि उच्च मूल्य प्रदान गर्न निरन्तर र जोडदार रणनीति बनाउँछौं। हामी आगामी दशकमा उपभोक्तहरुसँग अझ बढी जोडिन र उनीहरुको चाहना र जीवनशैली अनुरुप विभिन्न प्रकारका पेय पदार्थहरु प्रदान गर्नेछौं।

कोका-कोला नेपाल बोटलिंग सञ्चालनको सन्दर्भमा नवप्रवर्द्धनमा पनि अग्रणी बनेको छ र सन् २०१९ मा यसले नयाँ प्रोडक्शन लाइन-एएसएसपी (अफोर्डेबल स्मल स्पार्कलिंग प्याकेजिंग) सार्वजनिक गरेको छ। नेपाल, कोका-कोलाको यो प्रविधि शुरु गर्ने विश्वभर तेस्रो मार्केट हो। एएसएसपी यस्तो प्रविधि हो जसले कोका-कोलालाई उच्च गुणस्तरीय, हलुका प्लास्टिक बोटल उत्पादन गर्न र प्लास्किटको उपयोग घटाउन सक्षम बनाउँछ, प्लाज्म्याक्स कोटिङ प्रविधिको प्रयोगबाट प्याकेजेड उत्पादनको सेल्फ लाइफ विस्तार गर्ने यो पेय पदार्थ उत्पादन उद्योगमा भएको पछिल्लो हाई-टेक इक्युपमेन्ट हो।

नेपालमा समुदाय-लक्षित व्यवसाय निर्माण गर्ने लक्ष्यमा, कोका-कोलाले देशमा उल्लेखनीय रोजगारी सृजना गरेको छ र हाल प्राथमिक र सब्सिडीयरी बोटलिंग प्लान्टमा ६०० भन्दा बढी व्यक्ति कार्यरत छन्। आर्थिक रुपरेखाभित्र मूल्य उत्पन्न गर्न र सर्कुलर अर्थव्यवस्था स्थापना गर्न कम्पनीले नेपालबाटै कच्चा पदार्थ र प्याकेजिंग सामग्रीको स्रोत जुटाउनका लागि सक्दो प्रयास गर्दछ। कोका-कोला नेपालले महिला खुद्रा विक्रेताहरुलाई आफ्नो सपकिपर ट्रेनिङ एण्ड रिसोर्सेस् (स्टार) मार्फत महिला उद्यमीहरुलाई व्यवसायीक सीप, ट्रेनिङ प्रदान गर्दछ जसले आर्थिक सशक्तिकरण र उनीहरुले सामना गर्ने अवरोधलाई तोड्न मद्दत गर्दै महिला सशक्तिकरण गर्दछ।

कोका-कोला कम्पनीको फराकिलो दायराका उत्पादनहरु र राष्ट्र निर्माण र समाजमा केही योगदान पुऱ्याउने प्रयासमा सफलतासँगै केही कम्पनीहरुले कोका-कोलाको उत्पादनहरु जस्तै अर्थता लुक अलाइक उत्पादनहरु उत्पादन गर्ने प्रयास गरिरहेका छन्। कोका-कोला कम्पनी आफ्नो सबै ग्लोबल ब्राण्डको गुणस्तर आश्वासनको जिम्मेवारीप्रति प्रतिबद्ध रहेको छ, जसले लगातार नेपाली उपभोक्ताहरुलाई उच्च गुणस्तरीय, स्ट्यान्डराइज्ड उत्पादनहरु प्रदान गरिरहेको छ। कम्पनीले आफ्ना उत्पादनहरुमा उच्च मापदण्डको गुणस्तर भएको ग्यारेन्टी गर्दछ किनकि उनीहरु आफ्ना अमूल्य उपभोक्ताहरु सुरक्षित र रिफ्रेसिंग पेय पदार्थहरुको हकदार भएको विश्वास राख्दछन्।

# बाल्मीकिको 'स्पोर्टस् मिट'



**बिर्तामोड, फागुन ३।** बिर्तामोडको बाल्मीकि एजुकेशन फाउण्डेशनले 'बाल्मीकि स्पोर्टस् मिट २०७६' अन्तर्गत विविध खेल प्रतियोगिता सम्पन्न गरेको छ।

बिद्यालयको १७औं बार्षिकोत्सव तथा 'बाल्मीकि स्पोर्टस् मिट २०७६' कार्यक्रमको आयोजना गरी शनिवार प्रतियोगिता सम्पन्न गरेको हो। बिद्यालयमा आयोजित बाल्मीकि स्पोर्टस् मिट २०७६मा विविध विधाका पुरस्कार वितरण तथा विभिन्न खेल प्रतियोगिता गरी कार्यक्रम सम्पन्न गरिएको हो। खेल प्रतियोगितामा माध्यमिक बिद्यालय तहसम्मका बिद्यार्थीको सहभागिता रहेको थियो।

प्रतियोगिता अन्तर्गत बिद्यार्थीले दौड, टेवलटेनिस, चेस, सांस्कृतिक नृत्यलगायतका खेल प्रस्तुत गरेको बिद्यालयका प्रवन्ध निर्देशक आनन्दकुमार बस्नेतले जानकारी दिए। बिद्यालयका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी रहेका थिए।

कार्यक्रममा लिटल फ्लावर्स बोर्डिङ स्कुलका प्रिन्सिपल देवकुमार दास, पूर्ण-टुङ्ग बिर्तासिटी हस्पिटलका सञ्चालक समिति सदस्य देउकुमार थेवे, बिर्तामोड नगर शिक्षा अधिकृत केशर खवास, समाज सेवी श्याम बस्नेत लगायतको आतिथ्य रहेको थियो। बिद्यार्थी सशांक न्यौपानेले स्वागत गरेको कार्यक्रममा औपचारिक कार्यक्रमको सञ्चालन विद्यालय व्यवस्थापन समितिका सदस्य लक्ष्मण ढकालले गरेका थिए भने शिक्षक लोकराज अधिकारीले खेलकुद कार्यक्रम सञ्चालन गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि शिवाकोटीले दीप प्रज्ज्वलनका साथै खेलकुदको प्रतिक ओलम्पिक टर्च स्कूल क्याप्टेन उज्ज्वल आचार्यसहितका हाउस क्याप्टेनहरुलाई हस्तान्तरण गरेका थिए। त्यस लगत्तै क्याप्टेन आर्चायले खेलाडीहरुलाई शपथ ग्रहण गराएका थिए भने सहभागी बिद्यार्थीहरुले प्रमुख अतिथिलाई गार्ड अफ अनर प्रदान गरेका थिए। कार्यक्रममा अभिभावकहरुबीच आयोजित विभिन्न खेल प्रतियोगिताका बिजेता तथा वर्षभरि भएका खेलकुदका विजयी खेलाडीहरुलाई समेत पुरस्कार प्रदान गरिएको थियो।

प्रतियोगितामा फाउण्डेशनका को-अर्डिनेटर महेन्द्र खवास, बिर्ता सिटी हस्पिटलका प्रशासक बिनोद बस्नेत र फाउण्डेशनका प्रशासन प्रमुख तथा धुलाबारी जेसीजका अध्यक्ष सागर खनालले निर्णायकको भूमिका निर्वाह गरेको प्रिन्सिपल विष्णु सिंघलले जानकारी दिए। त्यस अवसरमा कार्यक्रमका प्रमुख अतिथि तथा अतिथिहरुलाई अध्यक्ष बस्नेतले मायाको चिनो प्रदान गरेका थिए।

# ८३ लाखको केमिकल सडक एक महिना टिकेन

**मोरङ, फागुन ३।** मोरङको कटहरी गाउँपालिका-६ स्थित थलाहा नहरछेउमा निर्माण गरिएको सडक निर्माणमा चरम लापरवाही भएको पाइएको छ। उक्त सडक कालोपत्रे गरेको एक महिना नबित्दै भत्किएको छ।

प्रदेश-१को भौतिक पूर्वाधार विकास मन्त्रालयको योजनामा निर्माण गरिएको कालोपत्रे भत्किएर गिट्टी छरपस्ट भएको छ। प्रदेश नम्बर १को पूर्वाधार विकास कार्यालय मोरङको योजनामा निर्माण गरिएको कालोपत्रे सडकको अवस्था यतिखेर गिटी र बालुवामा सीमित हुन पुगेको हो। सरकारी कर्मचारी र उपभोक्ताबीचको मिलेमतोमा कालोपत्रे (केमिकलयुक्त सडक) गर्दा कमसल सामग्री प्रयोग गरिएका कारण एक महिना नपुग्दै भत्किएको स्थानीय अनिलकुमार यादवले बताए।

उक्त सडकबाट कटहरी गाउँपालिकाका ६, ७ र ग्रामथान गाउँपालिकाका-४ लगायतका दैनिक १ हजारभन्दा बढी मानिसहरूले विराटनगर आवतजावत गर्छन्। प्रदेश नं. १ को पूर्वाधार विकास कार्यालयको मर्मत शीर्षकबाट ८३ लाख बजेट विनियोजन गरिएको थियो।

# बालिकाले बनाइन् दुर्व्यवहारबाट बच्न 'एन्टी बुलिङ'

**झापा(एजेन्सी), फागुन ३।** विद्यालयमा जिस्क्याउने र दुर्व्यवहार गर्ने कारण समस्या भोगेकी भारतकी ९ वर्षीया बिद्यार्थीले 'एन्टी बुलिङ' मोबाइल एप बनाएकी छन्।

उक्त एपको मद्दतले पीडितको पहिचान नखुलाइ त्यस्ता घटनाहरुको जानकारी अधिकारीसमक्ष पुऱ्याउन सकिन्छ। कक्षा चारमा अध्ययनरत् मैदाईबाहुन मोजाले यो एप बनाएकी हुन्। उनको यो प्रयासको सरकारले समेत सराहना गरेको छ।

मैदाईबाहुन भन्छिन्- 'म नर्सरीमा छँदादेखि नै दुर्व्यवहार सहनुपऱ्यो। यसले मलाई असर गऱ्यो। यसबाट बच्न मैले समस्या समाधान गर्ने निर्णय गरेँ।' उक्त एप प्रयोग गर्ने व्यक्तिले दुर्व्यवहार गर्नेको नामसहित घटनाको विवरण दिनुपर्नेछ। यसबाहेक घटनाबारे अन्य सम्बन्धित व्यक्तिलाई पनि सूचना पठाउन सक्नेछन्। यसले अधिकारीलाई आवश्यक जानकारी दिन्छ र आवश्यक कारवाही गर्न सहयोग गर्छ।

# बिराटको नेतृत्व चयन

**बिर्तामोड, फागुन ३।** बिराट सामुदायिक अध्ययन केन्द्र, विर्तामोड-३, सैनिकमोड झापाको दशौं वार्षिक साधारण सभा तथा तेश्रो अधिवेशन नयाँ नेतृत्व चयन गर्दै सम्पन्न भएको छ।

सभाले आगामी ४ बर्षका लागि ११ सदस्यीय कार्य समिति सर्व सम्मत रुपमा निर्वाचित गरेको छ। नवनिर्वाचित समितिमा मोहन शिवाकोटी अध्यक्ष, केशवराज पाठक उपाध्यक्ष, रुद्रप्रसाद सिटौला सचिव, जुनु प्रधान सहसचिव, तेजप्रसाद पाठक कोषाध्यक्ष र सदस्यहरुमा पुण्य प्रसाई, राजु चाम्लिङ, रणबहादुर राजवंशी, रुपा बोहोरा, स्वस्तिका आचार्य र गीता दर्नाल रहेका छन्।

त्यसैगरी भेलाले प्रमुख सल्लाहकार उमानाथ ओली, सल्लाहकारहरु भीष्म उप्रेती, पर्शुराम सिटौला, गणेश ओली, कृष्ण विमली, नारायण शिवाकोटी, शिवकुमार खरेल, विनोद गौतम र श्याम गुरुङ रहेको नौ सदस्यीय सल्लाहकार समिति समेत गठन गरेको छ।

# गौरीशंकरलाई १० स्वर्ण



**बिर्तामोड, फागुन ३।** बाह्रदशी गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गौरीशंकर माध्यमिक विद्यालय डाँगीवारीले १० स्वर्ण पदक हात पारेको छ।

योसंगै गौरीशंकर माध्यमिक विद्यालय गाउँपालिकाको सर्वाधिक स्वर्ण पदक बिजेता घोषित भएको छ। गौरी शंकरले १० स्वर्णसहित ६ रजत, ५ काश्य पद हासिल गर्दै जम्मा २१ वटा पदक हात पारेको छ।

त्यस्तै नमूना अंग्रेजी माध्यमिक विद्यालय फूलवारीले ६ स्वर्ण पदकसहित २ रजत र ७ काश्यसहित १५ पदक हात पार्दै द्वितीय भएको छ। फूलवारी माध्यमिक विद्यालयले ५ स्वर्णसहित ४ रजत १ काश्य पदक हात पार्दै तेस्रो भएको बाह्रदशी गाउँपालिका शिक्षा शाखा प्रमुख ज्ञानवहादुर पौडेलले जानकारी दिए।

यसैगरी पशुपति माध्यमिक विद्यालय र ज्ञानज्योति माध्यमिक विद्यालयले ३/३ वटा स्वर्ण पदक हात पारेका छन्। पशुपतिले ७ रजत २ काश्य र ज्ञान ज्योतिले ५ रजत र ४ काश्य पदक हात पारेको छ। यता लिटल स्टार अंग्रेजी माध्यमिक विद्यालयले २ स्वर्ण ३ रजत र ५ काश्य पदक हासिल गरेको छ। दीपजन माविले १ स्वर्ण पदक मात्र हात पारेको छ। त्यस्तै अमृत माविले २ रजत, २ काश्य, पञ्चमणिले १ रजत २ काश्य, कञ्चनज्योतिले १ रजत र २ काश्य हासिल गरेका छन्।

प्रतियोगितामा १२ विद्यालय सहभागी रहेका थिए। विजेता विद्यार्थी र विद्यालयलाई गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशीले शिल्ड र प्रमाणपत्र प्रदान गरेका थिए।

## नवौं ...

पुगेकी थिइन्।

वीरगञ्ज सीमानाबाट एक जना भारतीय मूलका एजेन्टले (ठाउँको नाम याद भएन) रक्सौल हुँदै उत्तर विहार पुऱ्याएर २ दिन त्यहाँ राखेको सरिनाले सुनाइन्।

'उत्तर बिहारसम्म पुग्दा ४ जना एजेन्ट फेरिएका थिए। उनीहरूले मसँग भएका अन्य ६ जना युवतीलाई फरक-फरक स्थानमा राखे। मलाई चाहिँ एजेन्टले बाहिरै होटलमा पुऱ्यायो'- उनले भनिन्- 'म होटलमा बस्दिनँ भनेको त यो भारत हो, यहाँ हाम्रो जे पनि चल्छ भनेर धम्क्यायो। बिरानो ठाउँ भएकाले एजेन्टले जे भन्यो, त्यही मान्न बाध्य भएँ। त्यो एजेन्टसँग बिहारमा २ रात बिताएँ।' एजेन्टले उत्तर बिहारबाट सबै युवतीलाई फरक-फरक समयमा दिल्ली पठाएको थियो।

उत्तर बिहारबाट ४ दिनमा २ जना एजेन्टले दिल्ली पुऱ्याएको सरिनाले बताइन्। नेपालबाट हिँडेको ९ दिनमा दिल्ली पुगेको सरिना सम्झन्छिन्। 'दिल्लीसम्म पुग्दा ५ जना एजेन्ट बाटोमा परिवर्तन भएका थिए। ती एजेन्टले बाटोमा जे मन लाग्यो, त्यही गर्दै दिल्ली पुऱ्याए। दिल्लीमा समेत २ जना एजेन्टको सामना गर्नुपऱ्यो।'

नेपालबाट हिँडेपछि बाटोपिच्छे एजेन्ट हुने र ती एजेन्टले जे भन्न सिकाउँछन्, सोही अनुसार जवाफ दिँदै जानुपर्ने सरिना बताउँछिन्। दिल्लीमा १ महिना एजेन्टले बन्धक बनाएर राखेको सरिनाले बताइन्। दिल्लीमा एक महिना बस्दा करिब २ जना एजेन्टले होटल परिवर्तन गरेर राखेको उनको भनाइ छ।

भारतको दिल्लीमा १ महिना बस्दा माइती नेपाल र भारतस्थित नेपाली दूतावासका कर्मचारीलाई 'म बेचिन लागेकी छु' भनेर सुनाउँदा उनीहरूले वास्ता नगरेको गुनासो गर्छिन्- सरिना। विदेश भन्नु मात्र तर त्यहाँ भोग्नेलाई नर्क लाग्ने गरेको उनको भनाइ छ। (*भारती शिलापत्रमा आवद्ध पत्रकार हुन्।*)

## सयौं ...

शहरबाट आउने मुस्लिम समुदायलाई उनीहरुको परिचय-पत्र हेरेर प्रवेश गर्न दिएको छ। भारतबाट अरु मुलुकका सहभागीलाई पूर्वी नाकाबाटै फर्काउने तयारी स्थानीय प्रशासनको छ।

शुक्रबारदेखि उनीहरु नेपाल आउन शुरु गरेको भए पनि शनिबार हजारौंको संख्यामा मुस्लिम समुदाय नेपाल प्रवेश गरेका छन्। इलाका प्रहरी कार्यालय काँकरभिट्टाका अनुसार शनिबार मध्यान्हसम्म साना र ठूला गरी १ सय ५० वटा सवारी साधनमा करिव ६ हजारभन्दा बढी मुस्लिम समुदाय नेपाल प्रवेश गरेका छन्। नेपाल छिर्नेमा बृद्धबृद्धादेखि युवा युवती समेत छन्।

पाकिस्तान बंगलादेशलगायतका मुलुकबाट सहभागी आउन सक्ने सम्भावनाका कारण पूर्वी नाकामा प्रहरी नायव उपरीक्षक राजेन्द्र पोखरेलसहित सुरक्षा अधिकारीहरुको टोली सक्रिय छ। सशस्त्र र नेपाल प्रहरीको सुरक्षा दस्ता नाकामा बाक्लै रुपमा परिचालन गरिएको छ।

काँकरभिट्टा नाका भएर धार्मिक सम्मेलनमा सहभागी हुन आउनेका लागि मेचीनगरको काँकरभिट्टा, धुलावारीमा बस्ने, पिउने पानी, खाजालगायतको व्यवस्था नेपाल मुस्लिम संघ जिल्ला समिति झापाले मिलाएको समितिका उपाध्यक्ष एजाज अहमद अन्सारीले बताए। मेचीनगर-६स्थित काँकरभिट्टाको हिकोला चोकमा आराम गर्नका लागि पाल टाँगेर राखिएको छ।

काँकरभिट्टाबाट नेपाली नम्बर प्लेटका सवारी साधनमा राखेर उनीहरुलाई कार्यक्रम स्थल जाजरसम्म पुऱ्याउने व्यवस्था मिलाइएको उपाध्यक्ष अन्सारीले जानकारी दिए। धेरैले भन्सार दस्तुर तिरेर भारतीय नम्बर प्लेटका सवारीसाधन लिएर सम्मेलनस्थल जान थालेको भन्सारले जनाएको छ। धार्मिक सम्मेलनमा धर्मगुरु मौलना मोहम्मद साद कान्थलीलगायतले प्रवचन दिने उनले बताए। उक्त सम्मेलनमा नेपाल र भारतका २ लाखभन्दा बढी सहभागी हुने अनुमान गरिएको छ।

## त्रासदी ...

गाउँ समाजको सुरक्षाका लागि आफूहले प्रहरी चौकी निर्माणका लागि निःशुल्क जमिन प्रदान गरेको जग्गा दाता सुशीलाको भनाइ छ। भागुडुब्बामा सशस्त्र प्रहरी वलको वेस क्याम्प स्थापनासँगै प्रहरीले अहिले गाउँको सुरक्षासंगै सीमाको समेत सुरक्षा गरिरहेको सशस्त्र प्रहरी निरीक्षक अमृतकुमार विकले बताए।

पतिको स्मृतिमा समाजसेवी राजवंशीले सशस्त्र प्रहरीका लागि निःशुल्क जमिन प्रदान गरेपछि १ नम्बर प्रदेश सरकारको आर्थिक सहयोगमा एक करोड ५९ लाख रुपैयाँको लागतमा भवन समेत निर्माण गरिएको छ।

१ नम्वर प्रदेश सरकारकै सहयोगमा भागुडुब्बासहित पृथ्वीनगर, घेरावारी, टाघनडुब्बा र कुञ्जिवारीमा समेत सशस्त्र प्रहरीको वीओपी स्थापना गरिएको सशस्त्र प्रहरी वल नेपाल २ नम्वर गणका सशस्त्र प्रहरी उपरीक्षक रमेशकुमार थक्सूले जानकारी दिए।

६ करोड ७१ लाख रुपैयाँको लागतमा अहिले झापाका सीमावर्ती पाँच स्थानमा बोर्डर आउटपोष्ट स्थापना गरिएसँगै स्थानीयवासीले शान्ति सुरक्षाको प्रत्याभूति गरेको पाउन सकिन्छ।


## कर्मचारी आवश्यकता

यस सेतो गुराँस बाल विकास सेवा झापाको लागि दक्ष इमान्दार र लगनशिल कर्मचारीहरुको आवश्यकता परेकोले योग्य र इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

**उम्मेदवार**

**१) अनुगमन कर्ता :** २ जना (८ महिनाको लागि मात्र। २०७६ फाल्गुण १५ बाट २०७७ कार्तिक १५ सम्म।)
**योग्यता :** शिक्षा शास्त्र संकायमा स्नातक तह उत्तीर्ण गरेको। झापा जिल्लाको स्थानीय वासिन्दा।
**अनुभव :** सामाजिक सेवा तथा शिक्षा क्षेत्रमा ३ वर्ष वा सो भन्दा माथि अनुभव भएको।
**तलव स्केल :** २५०००।- प्रति महिना
**निवेदन दस्तुर :** रु. ३०० ।- ( फिर्ता नहुने गरी )
**कार्यक्षेत्रः** झापा सेतो गुराँस वाल विकास सेवा लगातार फिल्ड भिजिट अनुगमन र रिपोर्ट पेश गर्नुपर्ने। मोटरसाइकल लाइसेन्स अनिवार्य हुनुपर्ने।

**२) लेखा अधिकृत :** १ जना (आंशिक) महिनाको ७ दिन मात्र काम गर्नु पर्ने।
**योग्यता :** वी.वी.एस. उत्तीर्ण, लेखा सम्वन्धी अनुभव प्राप्त।
**तलव स्केल :** ७५००।-
**निवेदन दस्तुरः** रु. २०० मात्र। (फिर्ता नहुने गरी )
**दर्खास्त दिने अन्तिम मिति :** २०७६ फाल्गुन १५
**लिखित परीक्षा र अन्तरवार्ता :** २०७६ फाल्गुन १६
**उमेर :** २५ देखि ४० बर्ष सम्म।

इच्छित उम्मेदवारहरुले आफ्नो वैयक्तिक (वायोडाटा)सहित निवेदन-पत्र, शैक्षिक योग्यताका प्रतिलिपि, अनुभवका प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपिसहित सम्बन्धित कार्यालयमा पेश गर्नुहुन अनुरोध छ। निवेदन हस्त लिखित हुनुपर्नेछ।

***नोटः महिला, पिछडिएका वर्ग एवम् दलित तथा योग्य उम्मेदवारलाई छनौटमा प्राथमिकता दिइनेछ।***

सम्पर्क : **सेतो गुराँस वाल विकास सेवा झापा**
विर्तामोड-१ (वडा नं. १को कार्यालय नजिकै उत्तरतर्फ)
सम्पर्क नं. ०२३-५४१५०६, ९८४२६९९६५२, ९८४२६४०५१३, ९८४२७५६८०३



सामुदायिक विद्यालय

## शनिश्चरे माध्यमिक विद्यालय

अर्जुनधारा-८, शनिश्चरे (झापा)
स्थाः २००५ फोन नं. ०२३-४६५५६४

## भवन विक्रीको सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७६।११।२)**

यस विद्यालयको परिसरमा पश्चिमतर्फ रहेका तपसिल बमोजिमका पुराना भवनहरुमा प्रयोग भएका इँटाहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा विक्री गर्नुपर्ने भएकाले खरिद गरी लिन इच्छुक व्यक्ति/संस्थाहरुबाट के कति मूल्यमा खरिद गरी लिन सक्ने हो सोको विवरणसहित यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र शिलवन्दी दरखास्त आव्हान गरिएको छ।

**तपसिल**

१. **विक्री गरिने भवनको विवरण :** जस्ताको छाना र इँटाको पर्खाल भएको अंग्रेजी अक्षर यु आकारको ५ (पाँच) कोठाको १ तले भवन १ तथा सोको उत्तरतर्फ रहेको जस्ताको छाना भएको भवन १ मा प्रयोग भएका इँटाहरु।
२. **न्यूनतम विक्री मूल्य :** रु २,००,०००।- (दुई लाख रुपैयाँ)
३. दरखास्त दिने व्यक्ति/संस्थाले दरखास्त साथ धरौटी स्वरुप रु १०,०००।- (दश हजार रुपैयाँ) शनिश्चरे माध्यमिक विद्यालयको एक्सेल बैंक शनिश्चरे शाखामा रहेको खाता नं. ००७००२०००३८२५२००००००२मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ। उक्त रकम दरखास्त अस्वीकृत भएमा फिर्ता गरिनेछ। दरखास्त स्वीकृत भएमा अन्तिम किश्ताको भुक्तानीमा उक्त रकम कटाई भुक्तानी लिइनेछ।
४. **दरखास्त दिने अन्तिम मिति :** २०७६ साल फागुन ८ गते
५. दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट दिनको २ बजे सम्बन्धित व्यक्ति/संस्था वा निजको प्रतिनिधिको रोहवरमा प्राप्त दरखास्तहरुको मूल्यांकन गरिनेछ।
६. दरखास्त स्वीकृत भएको व्यक्ति/संस्थासँग उक्त निर्माण सामग्रीको खरिद विक्रीको सम्झौता गरिनेछ। सम्झौता गर्दाका वखत आफूले कबोल गरेको रकमको ५० (पचास) प्रतिशत रकम जम्मा गर्नु पर्नेछ। बाँकी ५० (पचास) प्रतिशत रकम निर्माण सामग्री उठाई लैजान अगाडि चुक्ता गर्नु पर्नेछ।
७. दरखास्त स्वीकृत भएको व्यक्ति वा संस्थाले सम्झौता भएको मितिले १५ (पन्ध्र) दिनभित्र उक्त निर्माण सामग्री उठाई लैजानु पर्नेछ।
८. भवन तथा सामग्री अवलोकन गर्न चाहेमा विद्यालय समयमा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ।

Dhanal

**प्रधानाध्यापक**



## सटर भाडामा

**बिर्तामोडमा व्यापारिक प्रयोजन तथा अफिस, होटल, मेडिकल, इन्स्टीच्यूट इत्यादिको लागि उपयुक्त डेकोरेशनसहितको हल भाडामा रहेकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।**

**सम्पर्क नम्बरः ९८४०९९५४०४**



## आकर्षक घडेरी विक्रीमा

साविक शनिश्चरे-३ हाल अर्जुनधारा नगरपालिका-९ पशु हस्पिटल पूर्वपट्टि ३६ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनका लागि अति उपयुक्त, १६ धुरदेखि २५ घरसम्मका भिट्टाहरु सुपथ मूल्यमा विक्रीमा रहेको जानकारी गराइन्छ। इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।

नोटः बाटोको भाग पिचको बीच भागबाट ५२ फिट कट्टा गरी दिइन्छ।

**सम्पर्कः एनआईसी एशिया बैंक, शनिश्चरे शाखा भएको भवन**
**मोवाइल नम्बरः ९८४२६२४१५०, ९८१७०२१८५५**



## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।


श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

## विषादीयुक्त तरकारी बन्द गर

आज हामी विषादीयुक्त तरकारी खान विवश छौं । यो अवस्था देशभर नै छ । नेपालमै उत्पादन हुनेमा पनि विषादी छ भने भारतबाट आयात हुने तरकारीमा त अत्यधिक मात्रामा विषादी हुने गरेको बताइन्छ । नचाहँदा–नचाहँदै पनि हरेक नेपालीको भान्सामा दिनहुँ विषालु तरकारी पाकिरहेका छन् । तरकारीमा विषादीको प्रयोग बढेका कारण नेपालीहरूमा गम्भीरखालका रोग लाग्ने गरेको पनि पाइएको छ । संविधानको धारा ४४ ले सुरक्षित र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरेको भए पनि आमउपभोक्ताले त्यो अधिकार प्रयोग गर्न पाएका छैनन् । नेपाल सरकारले संविधानले सुनिश्चित गरेको सुरक्षित र गुणस्तरीय वस्तु उपभोग गर्न पाउने अधिकार सुनिश्चित गर्ने दायित्व पूरा गर्न सकेको छैन ।

अध्ययन अनुसार नेपालमा प्रत्येक वर्ष भित्रिने विषादी मध्ये ८५ प्रतिशत तरकारी बालीमा प्रयोग हुन्छ । विश्वमा प्रतिवर्ष करिब २० लाख मेट्रिक टन विषादी प्रयोग हुने गरेको पाइन्छ । विश्वमा करिब दुई करोड ६० लाख मानिसमा बर्षेनि विषादीको असर परेको देखिन्छ भने करिब २२ लाख मानिसको मृत्यु यसको प्रयोगबाट हुने गरेको प्लान्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्रको अध्ययनले देखाएको छ । अन्तर्राष्ट्रिय रूपमा रासायनिक विषादीविरुद्ध अभियान सञ्चालन गर्दै आएको संस्था पानको प्रतिवेदन अनुसार विश्वमा हरेक वर्ष चार करोड मानिसमा विषादीमा असर गरेको पाइएको छ । विश्वमा विषादी कै कारण हरेक वर्ष तीन लाख ५५ हजार मानिसको मृत्यु हुने गरेको छ, जसमा सबैभन्दा बढी बालबालिका र महिला छन् । प्रतिवेदनमा उल्लेख भए अनुसार प्रतिदिन सात सय जना व्यक्ति विषादीयुक्त खानाका कारण मृत्यु भएको देखिन्छ ।

स्वास्थ्य नै हरेक नागरिकको सम्पत्ति हो । स्वस्थ नागरिक नै देशको धन हो । स्वस्थ नागरिक नभई देशको उत्पादकत्व बढ्न सक्दैन, साथै स्वास्थ्यमा गर्ने खर्चको छुट्टै व्यवस्था गर्नुपर्ने बजेट शिक्षा तथा अन्य विकाकका कार्यमा खर्च गर्न सकिन्छ । अत्यधिक विषादीको अवशेष नरहने गरी स्वस्थ तरकारी खाने वातावरण बनाउन सरकारले प्रोत्साहन गर्न आवश्यक छ । जलवायु परिवर्तनका कारण तरकारी तथा खाद्यान्नमा विभिन्न रोगका कीरा देखिन थालेकाले किसानले त्यसलाई नियन्त्रण गर्न अन्धाधुन्धरूपमा विषादी प्रयोग गर्न थालेका छन् । कीरा वा शत्रुजीव व्यवस्थापन गर्न अन्य कुनै विकल्प नखोजी कडाभन्दा कडा विषादी प्रयोग गर्दा स्वास्थ्यमा गम्भीर असर पर्न गएको छ । किसानमा जनचेतनाको कमीका कारण र वैकल्पिक उपाय नखोज्दा आम उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको छ । भारत लगायतका देशबाट आयात हुने तरकारी, फलफूल, माछामा विषादी तथा अखाद्य वस्तु मिसावटको अवस्था सीमानाकामै परीक्षण गरी स्वस्थ खानेकुरा मात्र भित्र्याउन सरकारले समयमै ध्यान पुर्‍याउन ढिला गर्नु हुन्न । कसैको दवाब र प्रभावमा नपरी सरकारले यो कदम चाल्नै पर्छ । यस विषयलाई गम्भीररुपमा लिएर दीगो योजनाका साथ तीनै तहका सरकारले कदम चाल्न जरुरी छ ।

# अंशमा छोरीको हकको कार्यान्वयन कहिले ?

□ डा. बिन्दा पाण्डे

एकीकृत नेपालको लिखित कानूनको शुरुवात वि.सं. १९१० मा जङ्गबहादुरले मुलुकी ऐन ल्याएर गरेको पाइन्छ । त्यतिखेरको समाजमा महिलालाई समान हैसियतको नागरिक देख्ने त कल्पना बाहिरको कुरा थियो, तर पनि जीवन निर्वाहको आधारका रूपमा लिइने पैत्रिक सम्पत्ति माथिको हकको बारेमा उक्त ऐनले महिलाका लागि पनि केही व्यवस्था गरेको पाइन्छ । सामान्यतया विवाहलाई मानव जीवनको अनिवार्य पाटो ठानिने त्यस जमानामा महिलाहरू अविवाहित पनि रहन सक्छन् र त्यतिखेर उनीहरूको जीवन निर्वाहका लागि पैत्रिक सम्पत्ति माथि स्वामित्व हुनुपर्छ भन्ने कल्पना गरियो । कानूनमा सोही अनुसार व्यवस्था गर्दै नेपालको पहिलो मुलुकी ऐनमा छोरीको अंश हक सम्बन्धी व्यवस्था गर्दै लेखियो ।

कसैको विवाह नभई जन्मघरमा रहेकी छोरी छन् र भाइहरू भिन्न हुन लागेका छन् भने ३५ वर्षमुनी उमेरका विवाह नभएका छोरीलाई ऐन बमोजिमको विवाह खर्च दिई भाइ अंश गर्नुपर्दछ । यदि ३५ नाघेको छोरी विवाह नभई माइती घरमै बसेकी रहिछन् भने उनले भाइ रहको अंश पाउँछिन् । यस्ता छोरी मरेका बखत माइती दाजुभाइले काजकिरिया गर्नुपर्छ र अपुताली पनि माइती कै हुन्छ । अंश लिइसकेपछि रित अनुसार विवाह भयो भने पनि अंश आफैसँग लिएर जान पाउँछिन् । तर, आफूखुशी विवाह गरेर गइन् भने अंश लिएर जान पाउँदिनन् र त्यो दाजुभाइकोमा फर्कन्छ (मुलुकी ऐन, अंशवण्डा, दफा १५, १९१०) ।

त्यही कानून राणा शासनकालभरि कायम रह्यो । राणाशासनको अन्त्यको लागि महिला पुरुष काँधमा काँध मिलाएर लडे । अन्ततः २००७ मा राणाशासनको अन्त्य भयो । त्यसपछि नेपालको अन्तरिम शासन विधान २००७ बन्यो । उक्त 'विधानले' जीवन निर्वाह गर्न चाहिने पर्याप्त साधनमा नरनारी सबै नागरिकको समान हक हुनेछ भन्ने व्यवस्था गर्‍यो (धारा ५ क) । यसको प्रगतिशील व्याख्या गर्ने हो भने महिला र पुरुषको बीचमा फरक गर्न नपाइने व्यवस्था गरिएको थियो भन्न सकिन्छ ।

उक्त नेपाल अन्तरिम शासन विधानलाई प्रतिस्थापन गर्दै २०१५ सालमा नयाँ संविधान बन्यो । यसमा 'सबै नागरिक कानूनको समान संरक्षणको हकदार हुनेछन्' (धारा ४-१) र सामान्य कानूनको प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ण, लिङ्ग वा जातजातिको आधारमा भेदभाव गरिनेछैन (धारा ४-२) भन्ने व्यवस्था गरियो । २०१५ सालको संविधानलाई प्रतिस्थापन गर्दै पञ्चायती व्यवस्थाको प्रारम्भसँगै नेपालको संविधान २०१९ जारी भयो । उक्त संविधानमा पनि २०१५ सालको संविधानमा उल्लेख गरिएको भाषालाई जस्ताको त्यस्तै समावेश गरियो (धारा १०, १ र २) । यसरी हेर्दा नेपालमा प्रजातन्त्रको प्रादुर्भावपछि २०१९ को संविधान बन्दासम्म पनि महिला र पुरुषलाई समान नागरिकको दृष्टिकोण राखिएको पाइन्छ ।

त्यसपछि बन्यो मुलुकी ऐन २०२० । यसले १९१० को मुलुकी ऐनलाई पूर्णतः प्रतिस्थापन गर्‍यो । जङ्गबहादुरले १९१० मा जारी गरेको मुलुकी ऐनले छोरीलाई दिएको अंशमाथिको अधिकार ११० वर्षपछि पञ्चायती व्यवस्थाले जारी गरेको मुलुकी ऐनले कटौती गरिदियो । छोरीहरू ३५ वर्षसम्म अविवाहित रहेमा दाजुभाइले पाउने अंश भागको आधा मात्र पाउने र अंश लिइसकेपछि विवाह भएमा विवाह खर्च कटाएर बाँकी रहेको अंश हकवालालाई फिर्ता गर्नुपर्ने प्रावधान राखियो । (मुलुकी ऐन, अंशबण्डाको महल, दफा १६) । महिलाहरूलाई आर्थिक रूपमा पुरुष आश्रित बनाइयो ।

समय परिवर्तन हुँदै गयो । अन्तर्राष्ट्रियरूपमा महिला समानताको अभियान तीव्ररूपमा अगाडि बढ्दै थियो । वि.सं. २०३२ (सन् १९७५) मा संयुक्त राष्ट्रसङ्घको आयोजनामा पहिलो विश्व



महिला सम्मेलन आयोजना गरियो । उक्त सम्मेलनबाट सन् १९७५ लाई महिला वर्ष र १९७५-८५ लाई महिला दशक घोषणा गर्‍यो । संयुक्त राष्ट्रसङ्घको सदस्यको हैसियतमा नेपाल सरकारले पनि महिला अधिकारको बारेमा केही गरेको देखाउनु थियो । त्यही सन्दर्भमा २०३३ सालमा मुलुकी ऐनको छैटौं संशोधन भयो । ३५ वर्ष उमेर पुगेको अविवाहित छोरीले छोरासरहको अंश पाउनेछिन् । तर, अंश पाएपछि विवाह भयो भने विवाह खर्च छुट्याएर बाँकी सम्पत्ति नजिकको हकदारलाई फिर्ता गर्नुपर्ने कानूनी व्यवस्था गरियो (मुलुकी ऐन, अंशबण्डाको महल, दफा १६, छैटौं संशोधन) ।

यस कानूनले पनि जङ्गबहादुरको पालाको कानूनले दिए जति पनि अंश हक छोरीलाई दिन चाहेन । पञ्चायतको विरोधमा क्रमशः आन्दोलन विस्तार हुँदै थियो । अन्ततः सबैको बलजोडले २०४६ चैत २६ गते पञ्चायतको अन्त्य र बहुदलको पुनस्थापना भयो । प्रजातान्त्रिक संविधान निर्माणको लागि कांग्रेस, कम्युनिस्ट र राजाको प्रतिनिधि समेत रहेको संविधान सुधार सुझाव आयोग बन्यो । २०४७ कात्तिकमा नयाँ संविधानको घोषणा त भयो, तर पैत्रिक सम्पत्तिमाथिको अधिकारका बारेमा यस संविधानले पनि २०१९ को संविधानमा उल्लेखित भाषालाई जस्ताको त्यस्तै राख्यो (धारा ११-१ र ११-२) । बहुदलीय प्रजातन्त्रले पनि छोरीलाई अंश हक दिलाउन सकेन ।

यस आन्दोलनको एउटा उपलब्धि संसद्मा पाँच प्रतिशत महिला उम्मेदवार अनिवार्य गरिएको कारण राणा विरोधी आन्दोलनदेखि २०४६ को आन्दोलनसम्म समानताका पक्षमा आवाज उठाउँदै र राज्य अनि पार्टीभित्र पनि संघर्षको अनुभव सँगाल्दै आएका केही महिला संसद्मा पुगे । तिनै महिला सांसदको पहल र समानताको पक्षपाती पुरुष सांसदको सहयोग र समर्थन अनि संसद्बाहिरको निरन्तर संघर्ष र दबाबको परिणामस्वरूप २०५८ मा मुलुकी ऐनको एघारौं संशोधनले विवाहपूर्व छोरीहरूको पनि छोरासरह अंश हक स्थापित गर्दै भनियो :

'अंशबण्डा गर्दा यस महलका अन्य नम्बरहरूको अधीनमा रही बाबु, आमा, लोग्ने, स्वास्नी, छोरा, छोरीहरूको जीयजियैको अंश गर्नुपर्छ भन्ने व्यवस्था गर्‍यो (मुलुकी ऐन, एघारौं संशोधन-२०५८)। यस महलमा अन्यथा लेखिएमा बाहेक यसै महलको १ नम्बर बमोजिम अंशबण्डा गर्दा अंश पाउने सबैको बराबर अंश गर्नुपर्छ (ऐ ऐ, दफा २)। यस महलको दफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि विवाह गरिसकेकी छोरीको अंशबण्डा गर्नुपर्ने छैन (दफा १क)।

यो संशोधनले वि.सं. १९१० मा जङ्गबहादुरले जारी गरेको कानूनले ३५ वर्षको उमेरपछि दिएसरहको अधिकार जन्मँदाका बखत हुने व्यवस्था त भयो । तर फेरि पनि विवाहलाई पैत्रिक अंश हकको मापक बनाइयो । यस अर्थमा २०५८ मा प्राप्त अंश हक राणाशासनमा पाएको बराबर पनि हुन सकेन ।

समानताको लडाइँ अझै सकिएन । यही बीचमा ज्ञानेन्द्रले प्रजातन्त्र दरबार फिर्ता लगे । फेरि जनतालाई सडकमा ल्याउने काममा राजनीतिक दल क्रियाशील भए । अबको आन्दोलन सफल भएपछि त पक्का पनि समानताको व्यवस्था गरिनेछ भनेर सामूहिक रूपमा सार्वजनिक प्रतिबद्धता गरे । पिठ्युँमा बच्चा र हातमा झण्डा बोकेर महिलाहरू सडकमा उत्रिए । आन्दोलनले लोकतन्त्र मात्र होइन, गणतन्त्र नै स्थापना भयो । २०६३ माघ १ गते नेपालको अन्तरिम संविधान घोषणा भयोरु। समानताको हक अन्तर्गत पहिलोपटक संविधानमा 'पैत्रिक सम्पत्तिमा छोरा र छोरीलाई समान हक हुनेछ' भन्ने प्रावधान राखियो (धारा २०-४) । २०७२ मा दोस्रो संविधानसभाबाट पारित नेपालको संविधानको समानताको हक अन्तर्गत पैत्रिक सम्पत्तिमा लैङ्गिक भेदभावविना सबै सन्तानको समान हक हुनेछ भन्ने व्यवस्था भयो (धारा १८-५) । २०७५ भदौ १ गतेबाट कार्यान्वयनमा आएको देवानी संहितामा भनियोः

सगोलको सम्पत्ति अंशबण्डा गर्ने प्रयोजनको लागि यस परिच्छेदको अन्य दफाको अधिनमा रही पति, पत्नी, बाबु, आमा, छोरा, छोरी अंशियार मानिनेछन् (देवानी संहिता परिच्छेद १०, दफा २०५, २०७४) भन्दै प्रत्येक अंशियार अंशको समान हकदार हुनेछन् (ऐ.ऐ, दफा २०६-१)।

यसरी लामो लडाइँपछि नेपाली छोरीहरूको सम्पत्तिमाथिको समान हक कानूनीरूपमा सुनिश्चित भएको छ । तर, व्यावहारिक रूपमा यसको समान उपभोगको वातावरण अझै सहज बनिसकेको छैन । नयाँ पुस्ताका छोराहरूले यसलाई सहजरूपमा लिए पनि परिवारदेखि राज्यसम्म अहिले सत्तामा रहेको पुस्ता अझै पनि छोरीलाई अंशभागको समान हकदारका रूपमा व्यवहार गर्न तयार भएको पाइँदैन । शताब्दीऔंदेखि पितृसत्तामा गाजिँदै आएको सामाजिक मान्यता 'पाल्न र पोल्न' छोरै चाहिन्छ भन्ने सोच अझै कायम हुनु, पैत्रिक सम्पत्तिको मूल स्वरूप घर-जग्गा रहनु एउटा पक्ष हो । अर्को कुरा, विवाहपछि आफ्नो सहजतामा नवदम्पती श्रीमान् वा श्रीमतीको थातथलो वा अन्त कतै बस्न सक्छन् भन्ने धारणा अझै स्थापित नभईसकेकाले विवाहपछि श्रीमान्को घरमा जाने भएकोले अधिकार त्यहीँ हुनुपर्छ भन्ने आम मानसिकता र प्रचलन कायम छ ।

यसर्थ, सम्पत्तिमाथिको अधिकार र यसको उपभोगको बारेमा कानूनीरूपमा भएको नयाँ व्यवस्थालाई समाजले मात्र होइन, मूलधारको राजनीतिले समेत सहज स्वीकार गर्न सकेको देखिँदैन । जन्म दिने आमा, साथ दिने पत्नी र छोरा समान माया दिने छोरीले हरेक क्षेत्रमा समान हैसियतको नागरिक भूमिका निर्वाह गर्न सक्छन् भन्ने सोच राख्न परिवार, समाज र राज्य अझै पूर्णरूपमा तयार भइसकेको छैन । तर, वंशीय हकको रूपमा स्थापित यो अधिकार तत्कालमा मिच्न खोजियो भने पनि अर्को पुस्ताले दाबी गर्न सक्ने कानूनी व्यवस्थाका कारण यस सन्दर्भमा तत्काल ध्यान दिइएन भने आगामी दिनमा यसले पारिवारिक असमझदारी बढाउनुका साथै न्यायालयको कार्यभार समेत बढ्न सक्नेछ । यसर्थ, समयमा नै परिवार, राजनीतिक दल र राज्यका निकायहरूको यसतर्फ ध्यान जान जरुरी छ । *गोप*

## प्रथम शहीद थापालाई राष्ट्रिय विभूति घोषणा गर्न माग



**अर्जुनधारा, फागुन ३।** जहाँनिया राणा शासनको अन्त्य गर्न आन्दोलन गर्ने क्रममा मारिएका प्रथम शहीद क्याप्टेन लखन थापालाई राष्ट्रिय विभूति घोषणा गर्न माग गरिएको छ ।

नेपाल मगर संघ जिल्ला समन्वय समिति झापाको आयोजना र मगर संघ अर्जुनधारा नगर समितिको संयोजनमा प्रथम शहीद थापाको १४३औं स्मृति दिवसको सन्दर्भमा भएको अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले सो माग गरेका हुन् । उनलाई राष्ट्रिय विभूति घोषणासँगै फागुन २ गते सार्वजनिक विदा दिन समेत उनीहरुले माग गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि नगर प्रमुख हरिकुमार रानाले मगर संघको माग पूरा गर्न प्रदेश र संघीय सरकार सकारात्मक हुनुपर्ने बताए । उनले भने- 'जहानिया राणा शासनविरुद्ध आन्दोलन गर्ने क्रममा मारिएका प्रथम शहीद थापाको लागि संघले आह्वान गरेको मागप्रति नगरपालिकाको ऐक्यबद्धता छ ।'

त्यसैगरी संघ झापाका उपाध्यक्ष दलबहादुर मगरले १९०३ देखि शुरु भएको जहानिया राणा शासनको अन्त्य गर्न विद्रोह गरेका प्रथम शहीद लखन थापा मगरलाई मगर जातिले मात्र नभई सबै समुदायले मान्नुपर्ने बताए । संघका अध्यक्ष जगत राना मगरको अध्यक्षतामा भएको कार्यक्रममा सचिव बबिता मगरले कार्यपत्र प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन संघका सचिव बबिता मगर र सल्लाहकार सुष्मा राना मगरले गरेका थिए । २०७२ साल असोज ३ गते तत्कालीन प्रधानमन्त्री सुशिल कोइरालाको सरकारले प्रथम शहीद घोषणा गरेको लखन थापालाई १९३३ फागुन २ गते राणा शासकहरुले गोरखाको बुङ्कोटमा फाँसी दिएका थिए ।

## महिलालाई तालिम

**दूधे, फागुन ३।** सृजनशील गोदावरी महिला समाज ललितपुरले आयोजनामा महिलाहरुका लागि बुटिक तथा चुरामा स्टोन भर्ने तालिम दूधेमा सम्पन्न भएको छ ।

प्रदेशका नम्बर १ का सांसद झलकवहादुर दर्लामी मगरको पहलमा प्रदेश सरकारले तालिम सञ्चालनका लागि रकम दिएको थियो । शिवसताक्षी नगरपालिका वडा नम्बर ९ र ११ को वडा कार्यलय भवनमा साविकका सतासीधाम गाविसका चारवटा वडा का २५ महिलाई व्यवसायीक रुपमा आत्मनिर्भर बनाउन बुटिक तथा मेटलका चुरामा स्टोन भर्ने तालिम प्रदान गरिएको हो । तालिममा शिवसताक्षीका वडा नम्बर ८, ९, १० र ११ का महिला सहभागी थिए ।

समाजकी अध्यक्ष रेनुका रेग्मीको अध्यक्षता तथा प्रदेश सांसद झलकबहादुर दर्लामी मगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिवसताक्षी नगरपालिकाकी उपप्रमुख भोजकुमारी नेपाल, वडा नम्बर ९ का अध्यक्ष छविलाल पाठक, नगरपालिकाका निमित्त प्रमुख प्रसासकीय अधिकृत सुरेन्द्र दाहाल, आयोजक समाजकी उपाध्यक्ष नरमाया कार्की लगायतले शुभकामना मन्तव्य राखेका थिए भने सहभागीका तर्फबाट बिना संग्रौलाले तालिम फलदायी भएको बताइन् ।

## कनकाई माविको ६२औं वार्षिकोत्सव



**सुरुङ्गा, फागुन ३।** कनकाई नगरपालिका-३ सुरुङ्गास्थित कनकाई माविको ६२औं वार्षिकोत्सव तथा अभिभावक दिवस सम्पन्न भएको छ ।

झापा क्षेत्र नं. ४ का सांसद एलपी साँवाको प्रमुख आतिथ्य र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जनार्दन उप्रेतीको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कर्णबहादुर डाँगीले विद्यालयको प्रगति प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा कनकाई भूतपूर्व विद्यार्थी समाजले सोही विद्यालयका पूर्व विद्यार्थी नवीन शिवाकोटीलाई उच्च अध्ययनमा सहयोग पुगोस् भनी १० हजार रुपैयाँको छात्रवृत्ति प्रदान गरेको थियो । कार्यक्रममा विद्यालयको शैक्षिक उन्नयनमा पुर्‍याएको योगदानका लागि पूर्व प्रधानाध्यापक गोपीकृष्ण भट्टराई, सेवानिवृत्त शिक्षक विजय श्रेष्ठ, सरुवा भएका शिक्षक तुलसीराम खरेल, लोक सेवा आयोगबाट शिक्षा अधिकृतमा सिफारिस भएका पूर्व शिक्षक राजकुमार ओडारी, विद्यालयका शिक्षक जानुका चुडाल, एक्सल डेभलपमन्ट बैंक शाखा सुरुङ्गा, सचिन लामा र विद्यार्थी जेनिश चम्लागाईलाई सम्मान गरिएको थियो ।

त्यस्तै विश्वास चौधरी, किरण डाँगी, आनन्द लिम्बू र प्रेक्षा भट्टराईलाई प्रतिमान-गंगादेवी उप्रेती छात्रवृत्ति प्रदान गरिएको थियो । त्यस्तै एईई २०७५ मा पाँच जना ए प्लस र ३७ जना ए ग्रेड ल्याउने विद्यार्थीलाई स्व. धनबहादुर सुवेदी छात्रवृत्ति प्रदान गरिएको थियो भने विमर्श दाहाल, युशा अधिकारी, सुमन आचार्य, आकृशा दाहाल, लोकनाथ सुवेदी र उमा गणेशलाई भीमप्रसाद-पद्मकला सुवेदी उत्कृष्ट तथा प्रोत्साहन छात्रवृत्ति प्रदान गरिएको थियो ।

त्यसैगरी, अस्मिता चौधरी, निशा कोइराला, आदर्श खनाल र विनिता चुडाललाई रामप्यारी शिवाकोटी स्मृति छात्रवृत्ति दिइएको थियो । त्यस्तै प्रतिष्पर्धात्मक सांस्कृतिक कार्यक्रममा उत्कृष्ट हुने विद्यार्थीलाई पनि नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो । विन्दा स्मृति अक्षयकोषद्वारा सञ्चालित कनकाई तारा गायन स्पर्धामा प्रथम प्रिया श्रेष्ठ, द्वितीय साइसा प्रसाई र तृतीय निशान तिम्सिना भएका थिए भने खुश्बू ओली प्रतिभा अक्षयकोषद्वारा सञ्चालित कनकाई तार नृत्य स्पर्धामा प्रथम आस्था निरौला, द्वितीय राजेश बस्नेत र तृतीय प्रियंका चिमरिया भएका थिए । त्यसैगरी कनकाई लिटल स्टारमा गायनतर्फ कुसुम ठटाल र नृत्यतर्फ श्वेता शेर्पा छानिएका थिए ।

शिक्षक प्रतिनिधि बल्लभकुमार गौतमको स्वागत गरेको कार्यक्रममा क्षेत्र नं. ४ का प्रदेश सांसद हीराकुमार थापा, कनकाई भूतपूर्व विद्यार्थी समाजका अध्यक्ष अखिलकुमार कोइराला, शिक्षक अभिभावक संघका अध्यक्ष नेत्र प्रसाईं, सम्मानित व्यक्तित्व तुलसीराम खरेल, विद्यार्थीहरु मनिषा थपलिया, अनुषा कार्की लगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा शिक्षकद्वय शारदा पाठक र मदनकुमारी अधिकारीको नेतृत्वमा संगिनी नृत्य प्रस्तुत गरिएको थियो । शिक्षक, अभिभावक, विद्यार्थीहरुका विविध सांस्कृतिक प्रस्तुति रहेको कार्यक्रममा खेलका विभिन्न विधामा विजय हासिल गर्ने विद्यार्थी, शिक्षक र अभिभावकहरुलाई पुरस्कृत समेत गरिएको थियो ।

कार्यक्रममा कार्यक्रमको सञ्चालन सहायक प्रधानाध्यापक हरिप्रसाद तिम्सिना र चन्द्रप्रसाद शिवाकोटी, आधारभूत इन्चार्जद्वय खड्गप्रसाद आचार्य र खेमराज भट्टराई, शिक्षकहरु तीर्थराज खरेल, दिलिपकुमार खतिवडा, भीमप्रसाद दहाल, जीतबहादुर बस्नेत तथा विद्यार्थीहरु लोकनाथ सुवेदी, अभिषेक मिश्र लगायतले गरेका थिए ।

